महाशिला गाउँपालिका

स्थानीय राजपत्र

खण्ड: ५ संख्या: २ मिति: २०७९/०४/११

# भाग-२

## महाशिला गाउँपालिका

# महाशिला गाँउपालिकाका करार कर्मचारिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा ३४ को २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चितता गर्ने बाञ्छनिय भएकाले महाशिला गाँउपालिका गाँउकार्यपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम महाशिला गाँउपालिकका करार कर्मचारिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि २०७९ रहेको छ।

(२) यो कार्यविधि गाँउ कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुने छ।

**२. परिभाषा :** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले महाशिला गाँउपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि २०७८ सम्झनु पर्दछ।

(ख) "गाँउकार्यपालिका" भन्नाले महाशिला गाँउकार्यपालिका सम्झनु पर्दछ।

(ग) "गाँउपालिका" भन्नाले महाशिला गाँउकार्यपालिका सम्झनु पर्दछ।

(घ) "सभा" भन्नाले महाशिला गाँउकार्यपालिका सम्झनु पर्दछ।

(ङ) "वडा" भन्नाले महाशिला गाँउकार्यपालिका सवै वडा कार्यलयहरुलाई सम्झनु पर्दछ।

(च) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्दछ।

(छ) "स्वास्थ्य संस्था" महाशिला गाँउकार्यपालिका कार्यलय मतहतमा रहेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ।"

(ज) "प्रमुख" भन्नाले महाशिला गाँउकार्यपालिकाको प्रमुख सम्झनु पर्दछ।

(झ) "उप-प्रमुख" भन्नाले महाशिला गाँउकार्यपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाशिला गाँउकार्यपालिकाको प्रमुख प्रशाकीय अधिकृत सम्झनु पर्दछ।

(ट) "सामाजिक सुरक्षा कोष" भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४को कोषलाई सम्झनु पर्दछ।

(ठ) "करारका कर्मचारि" भन्नाले महाशिला गाँउपालिका गाँउकार्यपालिकाको कार्यलयले तलब भत्ता भुक्तान गर्ने करार सेवाका कर्मचारिलाई सम्झनु पर्दछ।

**३. जिम्मेवारी र उत्तरदायित्वः**

(१) गाँउपालिका भित्र वडा कार्यलय र यस मातहत रहेका महाशिला गाँउपालिका गाँउकार्यपालिकाको कार्यलयले तलब भत्ता भुक्तानि गर्ने करार कर्मचारिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउदै लैजानु महाशिला गाँउपालिका गाँउकार्यपालिकाको जिम्मेवारि रहेको छ।

(२) गाँउकार्यपालिकाले आफ्ना करार कर्मचारिहरुलाई बार्षिक रुपमा आवश्यक पर्ने कर्मचारिहरुको लागी रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरि गाँउसभाबाट बिनियोजित गराउनु पर्नेछ।

(३) महाशिला गाँउपालिका गाँउकार्यपालिका कार्यालय वा गाँउकार्यपालिका कार्यलय मातहत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार कर्मचारिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाँउकार्यपालिकाबाट पारित भए पश्चात स्वत लागु हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य गाउँपालिका गाउँकार्यापालिकको कार्यालयले गर्नु पर्नेछ ।

(४) महाशिला गाउँपालिका गाउँकार्यापालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको योगदानको रकम प्रत्येक महिना योगदानकर्ताको तर्फबाट ५ प्रतिशत र रोजगारदाताको तर्फबाट ५ प्रतिशत गरि जम्मा १० प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

**४. समिति गठन :**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) आर्थिक प्रशासन शाखा -सदस्य

(ग) कर्मचारी प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) गाउँकार्यापालिकामा निरन्तर १ वर्ष वा सो भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन सो सम्बन्धमा बनेका नियमावली कार्यविधि राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा जारी गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने

(ग) अनलाईन माध्यमबाट गाउँकार्यापालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरि सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

महाशिला गाउँपालिका

५. **थपघट, हेरफेर वा संशोधन:** गाउँसभा /कार्यापालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

६. **बाधा अड्काउ फुकाउ:** यो कार्यविधि  कार्यान्वयको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूलमर्म प्रतिकूल नहुने गरि गाउँ कार्यापालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**आज्ञाले,**
**हरि प्रसाद पराजुली**
**प्रमुख प्रशासकीय अधिकृत**

महाशिला गाँउपालिका